आज मिति २०८२ साल असार ९ गतेका दिन त्रिपुरा सुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को दशौँ बैठक अध्यक्ष **श्री भक्तध्वज बोहराको** अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्तध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## प्रस्तावहरुः

ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

ताव नं. २: वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

ताव नं. ३: आर्थिक विधेयक सम्बन्धमा ।

स्ताव नं. ४: विनियोजन विधेयक सम्बन्धमा ।

स्ताव नं. ५: वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

स्ताव नं. ६: बेरुजु फछ्र्यौट सम्बन्धमा ।

स्ताव नं. ७: विविध ।

## निर्णयहरुः

**निर्णय नं. १:** गाउँ कार्यपालिकाको मिति २०८२।०२।२९ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो ।

**निर्णय नं. २:** त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को लागि यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले आर्थिक, सामाजिक, पूर्वाधार, वन वातवरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासका क्षेत्रहरुमा तयार पारेको नीति तथा कार्यक्रम स्वीकृतीको लागि अठारौँ गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:** यस गाउँपालिकाको आर्थिक विधेयक,२०८२ अनुमोदनका लागि अठारौँ गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** यस गाउँपालिकाको विनियोजन विधेयक,२०८२ अनुमोदनका लागि अठारौँ गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** यस गाउँपालिकाको गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको मार्गदर्शन बमोजिम गाउँपालिकाको विषयगत शाखा र प्रत्येक वडालाई दिएको बजेट सिलिङ्गको आधारमा प्राप्त भएका योजना तथा कार्यक्रमहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले प्राथमिकिकरण गरी पेश गरेको योजना तथा बजेट उपयुक्त देखिएकोले देहाय बमोजिमको बजेट प्रस्ताव स्वीकृतीको लागि आगामी गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३